प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी रजिष्ट्रारको कार्यालय

पोखरी, नेपाल

सहकारी संघ संस्थाहरूलाई आयोजना प्रस्ताव पेस गर्ने सम्वन्धी सूचना ।

(दोस्रो पटक प्रकाशित मितिः २०७८/०८/१८)

यस कार्यालयको आ.व. ०७८।०७९ को स्वीकृत बार्षिक कार्यक्रम **"एक सहकारी एक उत्पादन सहयोग कार्यक्रम"** अनुसार सहकारी संघ/संस्थासँगको साझेदारीमा सहकारी संस्थाको प्रत्यक्ष आयोजना सञ्चालन गर्नका लागि पूँजीगत अनुदान प्रदान गरिने भएकाले त्यस्तो अनुदान प्राप्त गर्न इच्छुक गण्डकी प्रदेश भित्रका सहकारी संघ/संस्थाहरूले गण्डकी प्रदशको "सहकारी संस्थालाई अनुदान प्रदान गर्ने मापदण्ड, २०७७" तथा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७" को अधीनमा रही यो सूचना **दोस्रो पटक प्रकाशन भएको मितिले २१ (एक्काईस) दिनभित्र (मिति २०७८/०९/०९ सम्म)** यस कार्यालयमा आइपुग्ने गरी आयोजना प्रस्ताव पेस गर्न मापदण्डको दफा ४ वमोजिम यो सूचना प्रकाशन गरिएको छ।

1. सहकारी खेती/उत्पादन वा आफ्ना सदस्यहरुको सामूहिक उत्पादन सञ्चय ,प्रशोधन तथा बजारीकरण गर्ने सहकारी संघ/संस्थाहरुको उत्पादनमूलक, औद्योगिक तथा व्यवसायिक आयोजनाका लागि जग्गा र भवन बाहेक पूँजीगत निर्माण र खरिदमा अनुदान उपलब्ध गराइनेछ।
2. प्रस्ताव पेस गर्ने सहकारी सङ्घसंस्थाले उक्त म्यादभित्र मापदण्डको अनुसूची- १ को ढाँचामा निवेदन र अनुसूची- २ मा उल्लिखित आयोजना विवरण र कागजात साथै प्रस्तावित आयोजना संचालन सम्वन्धमा स्पष्ट खुल्ने संस्थाको विनियम, अद्यावधिक प्रमाणपत्र, आ.व. ०७७/७८ को लेखापरीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र र वार्षिक साधारणसभाको निर्णयको प्रतिलिपि सहित यस कार्यालयमा प्रस्ताव पश गर्नुपर्नेछ।
3. सहकारी संस्थाबाट प्राप्त हुन आएका आयोजना प्रस्तावहरु उपर मापदण्ड बमोजिम छानवीन गर्दा स्थानीय तह र कार्यालयमा उपलब्ध अभिलेख भिडाउनुका साथै स्थलगत निरीक्षण समेत गर्न सकिनेछ र सोही मापदण्ड बमोजिम आवश्यक कागजात/विवरण अध्ययन गर्दा असफल भएको पाइएमा त्यस्तो दरखास्त स्वीकृत नहुने व्यहोराको जानकारी आवेदक संघ/सस्थालाई गराइनेछ।
4. प्रस्ताव साथ सम्वन्धित सहकारी सङ्घसंस्थाले आफ्नो तर्फबाट व्यहोर्ने आन्तरिक स्रोत (शेयर रकम/जगेडा कोष) को स्पष्ट आधार पेस गर्नुपर्नेछ तर आफ्नो तर्फबाट व्यहोर्ने स्रोतबापत कुनै निकायको ऋण वा अनुदान प्रस्ताव गर्न पाइने छैन।
5. अन्य निकायहरूबाट अनुदान प्राप्त गरिसकेका सङ्घसंस्थाहरूलाई सोही प्रयोजनका लागि अनुदान उपलब्ध गराइने छैन।

रजिष्ट्रार

Scanned with CamScanner

६. नेपाल सरकार वा स्थानीय तहको सम्बन्धित निकाय वा अन्य निकायहरूबाट प्रस्तावित आयोजना सञ्चालनका लागि प्राप्त भएको वा हुने आर्थिक, प्राविधिक वा भौतिक सहयोग वा उपयुक्तताको सिफारिस भए सोको विवरणका साथै तत्सम्बन्धी कागजात दरखास्तसाथ संलग्न गर्नुपर्नेछ ।

७. पेस हुन आएको प्रस्तावको मूल्याङ्कन **"सहकारी संघ संस्थालाई अनुदान प्रदान गर्ने मापदण्ड, २०७७"** को अनुसूची- ३ मा तोकिएका आधारहरु बमोजिम गरिनेछ र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा बजेटका आधारमा प्राप्त प्रस्तावहरु स्वीकृत गर्ने, नगर्ने अधिकार यस कार्यालयमा निहीत हुनेछ। कुनै कारण जनाई वा नजनाई प्राप्त प्रस्तावहरू अस्वीकृत गर्न सकिनेछ ।

८. अनुदान सम्बन्धमा अन्य व्यवस्था **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७"** एवं प्रचलित कानून बमोजिम हुनेछ।

९. दरखास्तको ढाँचा, आयोजना प्रस्तावको विवरण र छनौट साथै प्रस्ताव मूल्यांकन सम्बन्धी विस्तृत जानकारी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालयको वेबसाइट **www.molmac.gandaki.gov.np** मा राखिएको "सहकारी संघसंस्थालाई अनुदान प्रदान गर्ने मापदण्ड, २०७७" बाट प्राप्त गर्न सकिनेछ।

थप जानकारीका लागि सम्पर्क: ९८५६०३५८२९/०६१-५९०९५०/९८४९१५२६९१/९८४१५००३८४

रजिष्ट्रार

रजिष्ट्रार